- **फागु पुर्णिमा (होली) पर्वको शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न**

(२०८१ चैत्र ०१ गते):

आज मिति २०८१।१२।०१ गते फागु पुर्णिमा (होलि) पर्वको अवसरमा यस केन्द्रका निमित्त समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यतामा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अवसरमा सबैले एक आपसमा होलीको रंगहरू दलेर शुभकामना आदान प्रदान गरीएको थियो ।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक मिलन थापाज्यू, जुनियर प्रहरी अधिकृतहरु, यस केन्द्रमा कर्यरत सम्पुर्ण सकल दर्जाका प्रहरी कर्मचारीहरू तथा विभिन्न तालिमका प्रशिक्षणरत प्रशिक्षार्थीहरू समेतको उपस्थिति रहेको थियो ।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०३ औं समूहको प्यानल छलफल तथा समापन कार्यक्रम सम्पन्न**

(२०८१ चैत्र ०४ गते):

मिति २०८१ माघ २९ गतेबाट यस केन्द्रमा संचालन भएको २६ कार्यदिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०३ औं समूहको आज मिति २०८१ चैत ०४ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू, जिल्ला सरकारी वकिलको कार्यालय, मोरङका जिल्ला न्यायाधिवक्ता नवराज पराजुलीज्यू, जिल्ला प्रहरी कार्यालय मोरङका अनुसन्धान अधिकृत प्रहरी निरिक्षक हेमराज ओलीज्यू, तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापाज्यू समेतको उपस्थितिमा प्रशिक्षार्थीहरुसंग "अपराध अनुसन्धानसँग सम्बन्धित सरोकारवाला निकायहरूको भुमिका" विषयमा प्यानल छलफल कार्यक्रम सम्पन्न भयो।

प्यानल छलफल पश्चात् यस केन्द्रका समादेशकज्यूको प्रमुख आतिथ्यतामा उक्त तालिमको समापन कार्यक्रम सम्पन्न भयो। समापन समारोहमा प्रमुख अतिथिज्यूले दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई शुभ-कामना एवं बधाई दिँदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा सह- समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, तालीम संयोजकज्यू, सह-संयोजक, प्रशिक्षक वर्गहरू, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न**

(२०८१ चैत्र ०४ गते):

तालुक नेपाल प्रहरी प्रधान कार्यालय बढुवा समिति सचिवालयको मिति २०८१।११।२३ गतेको निर्णयले प्राविधिक प्रहरी समूहतर्फका प्रहरी सहायक निरीक्षक पदबाट सोही समूहतर्फको प्रहरी नायव निरीक्षक पदमा पदोन्नती हुनु भएका प्राविधिक प्रहरी नायव निरीक्षक मधुकर नेपाली लाई आज मिति २०८१।१२।०४ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यतामा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सुसम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नती हुनु भएका प्रहरी कर्मचारीलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नु भई बधाई तथा शुभ कामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारी प्रति अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ भई राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्य सम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो ।

उक्त कार्यक्रममा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यू,प्रहरी निरीक्षक मिलन थापाज्यू,जुनियर प्रहरी अधिकृतहरु तथा प्रशिक्षक वर्गहरु समेतको उपस्थिति रहेको थियो ।



- **दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न**

(२०८१ चैत्र ०७ गते):

तालुक नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी नायव महानिरीक्षकको मिति २०८१।१२।०५ गतेको निर्णयले प्राविधिक प्रहरी समूहतर्फका प्रहरी वरिष्ठ हवलदार पदबाट सोही समूहतर्फको प्रहरी सहायक निरीक्षक पदमा पदोन्नती हुनु भएका प्राविधिक प्रहरी सहायक निरीक्षक विन्दिलाल चौधरी लाई आज मिति २०८१।१२।०७ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यतामा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सुसम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथिज्यूले पदोन्नती हुनु भएका प्रहरी कर्मचारीलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गर्नु भई बधाई तथा शुभ कामना दिनुका साथै थपिएको नयाँ जिम्मेवारी प्रति अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ भई राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्य सम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो ।

उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, प्रहरी निरीक्षक मिलन थापाज्यू,जुनियर प्रहरी अधिकृतहरु तथा प्रशिक्षक वर्गहरु समेतको उपस्थिति रहेको थियो ।



- **हत्यार ह्याण्डलिङ (प्र.ज. देखि जु.प्र.अ.) अनुशिक्षण सातौ समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन्न**

  (२०८१ चैत्र ११ गते):

  मिति २०८१ चैत ११ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ६ कार्यदिन अवधिको हत्यार ह्याण्डलिङ (प्र.ज. देखि जु.प्र.अ.) अनुशिक्षण तालिम सातौ समूहको तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) १०० औं समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन्न**

  (२०८१ चैत्र ११ गते):

  मिति २०८१ चैत ११ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको १९ कार्यदिन अवधिको भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम १०० औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक आशिस पोखरेलज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो ।



- **क्षयरोग सम्बन्धी सचेतनामूलक कर्यक्रम सु-सम्पन्न**

  (२०८१ चैत्र १४ गते):

  आज मिति २०८१/१२/१४ गते बिहिवारका दिनमा विश्व क्षयरोग दिवसलाई सप्ताहव्यापी कार्यक्रम गरि मनाउने सन्दर्भमा नेपाल क्षयरोग निवारण संस्था बिराटनगरका घनश्याम कोइरालाज्यू र विराटनगर महानगरपालिका स्वास्थ्य शाखाबाट गरिमा अधिकारीज्यू उपस्थित हुनुभई यस केन्द्रको बहुउद्देश्यीय भवनमा "क्षयरोग सम्बन्धी सचेतनामूलक कर्यक्रम" सु-सम्पन्न भयो ।

  तालिम प्रदाय संस्थाको वाह्य प्रशिक्षण गतिविधिमा प्रत्यक्ष संलग्न रहने प्रशिक्षक वर्गहरुको लागी पहिलो सर्त "स्वास्थ्य " भएको हुँदा फोक्सो रोगको कारण हुनसक्ने स्वास्थ्य समस्या र क्षतिलाई कम गर्ने उद्देश्य अनुरुप उपस्थित सम्पूर्णमा सचेतना कार्यक्रम संचालन गरी प्रशिक्षकहरूले सहभागीहरुबाट आएको जिज्ञाशाको सम्बोधन समेत गर्नु भयो । कार्यक्रमको अन्त्यमा यस केन्द्रका निमित्त समादेशक प्र.ना.उ. गुरु प्रसाद तिम्सिनाज्यूद्वारा नेपाल क्षयरोग निवारण संस्थाका घनश्याम कोइरालाज्यू र विराटनगर महानगरपालिका स्वास्थ्य शाखाका गरिमा अधिकारीज्यूलाई मायाको चिनो प्रदान गर्नु भयो ।

  उक्त कार्यक्रममा यस तालिम केन्द्रका प्रहरी निरीक्षकहरू,जुनियर प्रहरी अधिकृत र विभिन्न दर्जाका प्रशिक्षक प्रहरी कर्मचारीहरुको सहभागिता समेत रहेको थियो ।



- **हतियार ह्याण्डलिङ (प्र.ज. देखि जु.प्र.अ.) अनुशिक्षण तालिम सातौं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न**

  (२०८१ चैत्र ११ गते):

  मिति २०८१ चैत ११ गतेबाट यस तालिम केन्द्रमा संचालित ६ कार्यदिन अवधिको हतियार ह्याण्डलिङ (प्र.ज. देखि जु.प्र.अ) अनुशिक्षण तालिम सातौं समूहको आज मिति २०८१ चैत १७ गते यस केन्द्रका निमित्त समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो । साथै दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथिज्यूले शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो ।

  उक्त कार्यक्रममा तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, जुनियर प्रहरी अधिकृतहरु, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न**

  (२०८१ चैत २५ गते):

  २०८१ फागुन २८ गते बाट संचालन भईरहेको कार्यालय संचालन दक्षता अभिवृद्धी (प्र.ज. देखि जु.प्र.अ.) तालिम २६ औं समूहको पाठ्यक्रम कार्यतालिका बमोजीम आज मिति २०८१ चैत २५ गते मोरङ जिल्लाको मिक्लाजुङ गाँउपालिका वडा नं ०३, चुलीपोखरी स्थितमा प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो ।

  उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अवि नारायण काफ्लेज्यू, उक्त तालीमका तालीम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यू, प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बुज्यू, लगायत जुनियर प्रहरी अधिकृत तथा मिक्लाजुङ गाँउपालिकाका स्थानिय समाजसेवी, भद्रभलादमी यस केन्द्रका प्रशिक्षक वर्ग र प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।



- **E-TEMPO हस्तान्तरण कार्यक्रम सम्पन्न:**

(२०८१ चैत २५ गते):

आज मिति २०८१ चैत २८ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा यस केन्द्रका समादेशक श्रद्धेय श्रीमान प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूको प्रमुख आतिथ्यतामा, अटो सिटी (बजाज सो-रुम) इहटरी सुनसरीका प्रो. श्री प्रदिप सन्थालियाज्यू र व्यवस्थापक श्री जयन्त सन्थालियाज्यू द्वारा यस केन्द्रमा हुने नियमित काम-कारवाही तथा प्रशिक्षण व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग स्वरुप अटो सिटी उपलब्ध गराई " E-TEMPO हस्तान्तरण कार्यक्रम" सम्पन्न भयो। उक्त सहयोग कार्यक्रममा यस केन्द्रलाई १-थान अटो सिटी(E-TEMPO) सहयोग स्वरुप प्राप्त भयो।

उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, मोरङका प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरीया, यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरिक्षक ज्यूहरु , जुनियर प्रहरी अधिकृतहरु र अन्य प्रहरी कर्मचारीहरु तथा प्रशिक्षार्थीहरूको उपस्थिती रहेको थियो।



- **शुभ जन्मोत्सव शुभकामना आदान प्रदान, Tea With Team साथै साँस्कृतिक कार्यक्रम सम्पन्न**

(२०८१ चैत्र २८ गते):

कोशी प्रदेश प्रहरी प्रमुख श्रद्धेय श्रीमान् प्रहरी नायव महानिरीक्षक राजन अधिकारीज्यूको प्रमुख आतिथ्यमा चैत महिनामा जन्मदिन पर्ने यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारी,सेवाकालिन तालिम तथा आधारभूत तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सामूहिक रूपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम साथै यस केन्द्रको अतिरिक्त क्रियाकलाप अन्तर्गत आज मिति २०८१।१२।२८ गते विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशकी अध्यक्ष श्रीमती सुस्मिता के.सी. अधिकारीज्यू, यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू,नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशकी उपाध्यक्ष सम्झना घिमिरे काफ्लेज्यू, कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक गोबिन्द अधिकारीज्यू, कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक दुर्गा दाहालज्यू,कोशी प्रदेश प्रहरी तालिम केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, यस केन्द्रका प्रहरी निरीक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृतहरु ,प्रशिक्षक वर्ग, प्र.का.स. तथा प्रशिक्षणरत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न**

( २०८१ चैत २९ गते):

मिति २०८१ चैत ११ गते बाट सञ्चालन भईरहेको भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम १०० औं समूहको पाठ्यक्रम कार्यतालिका बमोजिम आज मिति २०८१ चैत २९ गते धरान उपमहानगरपालिका वडा नं. ०४, अमर हाट देखि धरान उपमहानगरपालिका वडा नं. ०४ स्थित शिव जट्टा मन्दिर सम्म प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अवि नारायण काफ्लेज्यू, तालीम संयोजक प्रहरी निरीक्षक आशिस पोखरेलज्यू, जुनियर प्रहरी अधिकृतहरू,प्रशिक्षक वर्ग र प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।

